# मुआब्जा ढिलाइले बन्दरगाह निर्माण अलपत्र

रसुवा, कात्तिक ३ (नागरिक)- जग्गाको मुआब्जा विवादले रसुवाको टिमुरेमा निर्माण हुने सुक्खा बन्दरगाहको काम अलपत्र परेको छ। चिनियाँ ठेकेदार कम्पनीले दुई महिनाअघि काम सुरु गर्ने भने पनि मुआब्जा वितरणमा प्रशासन कार्यालयको ढिलाइले काम रोकिएको हो।

सुक्खा बन्दरगाहका लागि चिनियाँ पक्षले जग्गा मागिरहेको छ। मुआब्जा वितरण कात्तिक ७ गतेपछि मात्रै सुरु हुने रसुवाका सहायक प्रमुख जिल्ला अधिकारी दिपक केसी बताउँछन्। सुक्खा बन्दरगाह निर्माणका लागि स्थानीयको जग्गा अधिग्रहण गर्ने भएपछि गृह मन्त्रालयबाट असारभित्रै मुआब्जा वितरण गरिसक्नुपर्ने थियो।

सहायक प्रमुख जिल्ला अधिकारी केसीका अनुसार हालसम्म ७ जनाले मात्रै मुआब्जा लिएका छन्। 'मुआब्जा लिने सबै गरेर ५६ जना छन्। सिडिओ सर चीन भ्रमणमा रहेकाले हाल रोकिएको छ,' उनले भने, '७-८ गतेबाट प्रक्रिया पुऱ्याएर वितरण होला।' मुआब्जा लिनका लागि ५५ जनाले निवेदन दिएकोले पक्रिया पुऱ्याएर मात्रै वितरण गरिने उनले बताए।

'हामीले मुआब्जाका लागि धेरैपटक ताकेता गऱ्यौं, प्रशासनले कुरा नमिलेको भन्दै फर्काइरहेको छ,' टिमुरे ४ का कामीसितार तामाङले भने, 'तीनपटक त मुआब्जाको पैसा बुझ्न गयो, कुरा मिलेन मात्र भन्छ, के नमिल्या हो हाम्लाई थाहा छैन।'

स्थानीय उर्घेन घलेले पहिला आनाको १ लाख दिने चर्चा चले पनि पछि ७० हजार, ५० हजार हुँदै २० हजारको कुरा आएको बताए। 'यस्तो सुनेपछि हामीले एक रूपैयाँ तलमाथि गर्न पाइँदैन भनेपछि अहिले बल्ल वितरण हुन थालेको छ तर हामीले अहिलेसम्म पाएको छैन,' उनले भने।

जग्गाको मूल्य निर्धारणका लागि गाउँमा संघर्ष समिति बनेको र सोही समितिलाई सिडिओसँग वार्ता गर्न पठाएकोमा त्यस्तो कुरा आएपछि पैसा लिन नगएको पनि उनले बताए।

टिमुरेका स्थानीयले केही समयअघि कम मूल्य निर्धारण भएको भन्दै आन्दोलन समेत गरेका थिए। आन्दोलनपछि प्रशासन र स्थानीयबीच सहमति भई सडकले छोएको जग्गाको प्रतिआना ६ लाख रूपैयाँ र सडकले नछोएको प्रतिआना ४ लाख रूपैयाँ मूल्य निर्धारण गरिएको थियो।

रसुवागढीमा सुक्खा बन्दरगाह बनाउन एक वर्षअघि नै चीन सरकारले आर्थिक तथा प्राविधिक सहयोग गर्ने समझदारी पत्रमा हस्ताक्षर भइसकेको छ। लाङटाङ राष्ट्रिय निकुञ्ज क्षेत्रमा पर्ने रसुवाको टिमुरेमा निर्माण हुन लागेको उक्त सुक्खा बन्दरगाहका लागि नेपाल र चीन सरकारबीच गत वर्ष हस्ताक्षर भएपछि पक्रिया अघि बढेको हो। चीनले आफ्नो क्षेत्रको खम्बाटारमा एकीकृत जाँच, भन्सार, क्वारेन्टाइन निर्माण गरिसकेको छ। चिनियाँ प्राविधिक टोलीले दुई वर्षअघि बन्दरगाह निर्माण हुने क्षेत्रको प्राविधिक जाँच गरिसकेको छ।